# गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड

नवौं वार्षिक साधारण सभाको काम कारबाही तथा निर्णयहरुको अभिलेख (माइनुट) :

गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८१/०६/०७ मा बसेको संचालक समितिको १४३ औं बैठकको निर्णय अनुसार संस्थाको नवौं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ र वित्तीय संस्थाको नियमावली बमोजिम संचालक समितिका अध्यक्ष श्री उदयनारायण बरालको अध्यक्षतामा देहायको मिति, स्थान र समयमा बसी निम्नानुसार प्रस्ताव उपर छलफल तथा निर्णय पारित गरी सम्पन्न भयो ।

**१. सभा भएको मिति, स्थान र समय :**

१.१ मिति : २०८१/०६/२९ मंगलबार (तदानुसार अक्टोबर १५, २०२४)
१.२ स्थान : होटल कान्जिरोवा, धनकुटा नगरपालिका वडा नं. १, धनकुटा ।
१.३ समय : बिहानको ९:०० बजे ।

**२. सभाको सूचना प्रकाशन :**

कम्पनी ऐन २०६३ को दफा ६७. (१) (क) र संस्थाको नियमावलीको नियम १८ (१) (क) बमोजिम बोलाईएको नवौं वार्षिक साधारण सभाको मिति, स्थान, समय र प्रस्तावहरु सहितको सूचना तथा कम्पनी ऐनको दफा ८४ (४) अनुसार संस्थाको आ.व. २०८०/८१ को सम्क्षिप्त आर्थिक विवरणको सूचना मिति २०८१/०६/०८ र ०९ गतेको उद्घोष राष्ट्रिय दैनिकमा प्रकाशन गरिएको थियो । साथै, नवौं वार्षिक साधारण सभाको सूचना संस्थाको वेवसाइटमा समेत राखिएको थियो ।

**३. छलफलका विषयहरु :**

**(क) साधारण प्रस्तावहरु :**

(१) आ.व.२०८०/८१ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ असार मसान्तको वासलात, आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको वित्तीय विवरण तथा सम्बन्धित अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) संचालक समितिले सिफारिस गरे बमोजिम आ.व. २०८०/८१ को वितरणयोग्य मुनाफाबाट हालको चुक्ता पुँजी रु.१०,१४,००,०००/-(दश करोड चौध लाख) को ०.७५ प्रतिशतले हुने रकम रु.७,६०,५००/-(अक्षरेपी सात लाख साठी हजार पाँच सय मात्र) नगद लाभांश (कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

(१) संचालक समितिबाट सिफारिस भए बमोजिम आ.व. २०८०/८१ को वितरणयोग्य मुनाफाबाट हालको चुक्ता पुँजी रु.१०,१४,००,०००/-(दश करोड चौध लाख) को १४.२५ प्रतिशतले हुने रकम रु.१,४४,४९,५००/-(अक्षरेपी एक करोड चौवालिस

कम्पनी सचिव



अध्यक्ष

लाख उनन्चास हजार पाँच सय मात्र) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

(२) प्रस्तावित बोनस शेयर बराबर संस्थाको जारी तथा चुक्ता पुँजी बृद्धि गर्न वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६(ख) र ६(ग) संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

(३) संचालकको बैठक भत्ता बृद्धि गर्न नियमावलीको नियम ३२(१)(ख) मा संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

(४) गुराँस लघुवित्त वित्तीय संस्था र अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने वा गाभिने वा प्राप्ती गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पूरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(५) उपरोक्त विशेष प्रस्ताव उपर नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप प्रचलित कानुनको अधिनमा रही संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन वा परिमार्जन वा समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।

(ग) विविध :

४. उपस्थिति :

**४.१ कम्पनी ऐन २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु**

१. श्री उदय नारयण बराल
२. श्री राजु प्रसाद अधिकारी
३. श्री बिजय कुमार दाहाल
४ .श्री अशोक गौतम
५ प्रा.डा. प्रमोद कुमार झा
६. श्री अर्जुन प्रसाद निरौला
७. श्री रुजा कोइराला

**४.२ अन्य पदाधिकारीहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री विष्णु प्रसाद उपाध्याय | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री भेष बहादुर बस्नेत | नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री जगन्नाथ कुईकेल | का.मु. वरिष्ठ प्रबन्धक |
| ४. | श्री राम प्रसाद पोखरेल | प्रबन्धक |
| ५. | श्री निरोज पौडेल | का.मु. वरिष्ठ अधिकृत |
| ६. | श्री डिल्ली बहादुर बस्नेत | अधिकृत |
| ७. | श्री मनोज कार्की | अधिकृत |
| ८. | श्री राजन खत्री | कनिष्ठ अधिकृत |
| ७. | श्री अशोक भट्टराई | कनिष्ठ अधिकृत |
| ८. | श्री धर्मेन्द्र कुमार चौधरी | वरिष्ठ सहायक |

कम्पनी सचिव



अध्यक्ष

९. श्री सविता ढुङ्गेल — का.मु. वरिष्ठ सहायक

**४.३ शेयरधनीहरुको उपस्थिति :**

जम्मा उपस्थित शेयरधनी संख्या : २८ जना

**५. गणपुरक संख्या (कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम) :**

| विवरण | कूल संख्या | उपस्थिति | | | प्रतिनिधित्व |
|---|---|---|---|---|---|
| | | स्वयम् | प्रतिनिधि मार्फत | कूल | |
| शेयरधनी संख्या ( संस्थापक तथा सर्वसाधारण) | २२,१८७ | १८ | १० | २८ | |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | १०,१४,००० | ४,१७,४८३ | २,४५,३१८ | ६,६२,८०१ | ६५.३६% |

**६. सभाको बैधानिकता र सभाको अध्यक्षता :**

६.१ कम्पनी ऐन २०६३ तथा यस वित्तीय संस्थाको नियमावली बमोजिम सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी सेयरको प्रतिनिधित्व हुनेगरी कूल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरुको स्वयम् वा आफ्नो प्रतिनिधि मार्फत उपस्थिति हुनु पर्ने प्रावधान रहेकोमा वित्तीय संस्थाको नवौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा स्वयम् उपस्थित भई हाजिरी जनाउने शेयर धनीहरुको संख्या १८ जना र प्रतिनिधि मार्फत उपस्थिति जनाउने शेयर धनीहरुको संख्या १० जना गरी जम्मा २८ जना शेयरधनीहरुको उपस्थिति भएको र कूल बाँडफाँड भएको शेयर १० लाख १४ हजार कित्ता मध्ये ६ लाख ६२ हजार ८ सय १ कित्ता अर्थात ६५.३६ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा साधारण सभाको गणपुरक संख्या पुगेकोले प्रचलित कानुन बमोजिम सभा बैधानिक भएको जानकारी कम्पनी सचिब श्री भेष बहादुर बस्नेतले गराउनुभयो ।

६.२ कम्पनी सचिवले सभाको अध्यक्षता ग्रहण गरिदिनुहुन कम्पनी ऐन २०६३ को दफा ७४ को (१) तथा संस्थाको नियमावलीको नियम १९ को उपनियम (१) बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री उदय नारायण बराललाई अनुरोध गरे बमोजिम सभाको अध्यक्षता समितिका अध्यक्ष श्री उदय नारायण बरालले गर्नुभयो । तत्पश्चात संचालकहरु श्री राजु प्रसाद अधिकारी, श्री विजय कुमार दाहाल, श्री अशोक गौतम, प्रा.डा. प्रमोद कुमार झा, श्री अर्जुन प्रसाद निरौला, श्री रुजा कोइराला तथा प्रमुख कार्यकारी अधिकृत श्री विष्णु प्रसाद उपाध्यायलाई आशन ग्रहण गर्नु भयो । साथै, शेयरधनी महानुभावहरु, प्रतिनिधिज्यूहरु लगायत पत्रकार, पर्यवेक्षक लगायत सम्पूर्ण महानुभावहरुले आ-आफ्नो स्थानमा आशन ग्रहण गर्नुभयो ।

६.३ राष्ट्रिय गान कार्यक्रममा सम्पूर्ण महानुभावहरु सहभागी हुनुभयो ।

**७. स्वागत मन्तव्य :**

वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री विष्णु प्रसाद उपाध्यायले सभामा उपस्थित शेयरधनीहरु सहित अन्य महानुभावहरुलाई स्वागत गर्दै आर्थिक वर्ष २०८०/८१ मा पंचवर्षीय



कम्पनी सचिव

अध्यक्ष

योजना तर्जुमा गरी कार्य गरेको, व्यवसाय विस्तारको अवस्था संतोषजनक रहेको, ग्राहक वित्तीय साक्षरता र ग्राहक संरक्षण सम्बन्धी कार्यक्रमहरु संचालन गरेको जानकारी गराउँदै आगामी दिनमा समेत कम्पनीको व्यवसायिक रणनीति अनुरूप व्यवसायमा बृद्धि गर्ने, गरिवी र सिमान्तकृत वर्गमा वित्तीय पहुच विस्तार गरी वित्तीय क्षमता अभिबृद्धि गर्ने, शाखा विस्तार गर्ने, जनशक्ति विकास तथा क्षमता अभिवृद्धि गर्ने र आवश्यक पूर्वाधार तयार गरी वित्तीय संस्थाको गरिमालाई उच्च राख्ने प्रतिवद्धता ब्यक्त गर्नुभयो ।

८. **सभाको समुद्घाटन :**

सभाका अध्यक्ष श्री उदय नारायण बरालले पानसमा बत्ति बाली सभाको समुद्घाटन गर्नुभयो ।

९. संस्थाको नवौं वार्षिक साधारण सभामा आफ्नो मन्तव्य सहित आर्थिक वर्ष २०८०/८१ को संचालक समितिको वार्षिक प्रतिवेदन तथा साधारण सभामा पेस हुने प्रस्तावहरु सभा समक्ष राखिदिनुहुन सभाका अध्यक्षज्यूलाई कम्पनी सचिवले अनुरोध गर्नुभयो ।

१०. **सभामा सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुति र छलफल :**

सभाको प्रारम्भमा पूर्व निर्धारित छलफलका विषयसूचीहरु अनुसार आ.व. २०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन अध्यक्षले सभामा प्रस्तुत गर्नुभयो । अध्यक्षले सो प्रतिवेदन प्रस्तुत गरिसकेपछि यस सम्बन्धमा आ-आफ्नो विचार, जिज्ञासा, सुझाव तथा प्रतिक्रिया भएमा जानकारी गराउन शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नुभएकोमा उपस्थित शेयरधनीहरु मध्ये निम्न शेयरधनीहरुबाट निम्न अनुसार सुझाव तथा प्रतिक्रिया प्राप्त भयो ।

**शेयरधनी श्री मुरारी प्रसाद सुवेदी**

शाखा कार्यालय सिधुवामा कर्मचारीबाट हिनामिना भई उच्च अदालत विराटनगरमा बैंकिङ्ग कसुर सम्बन्धी मुद्धा चलिरहेकोमा सो मुद्दाको प्रगतिको अवस्था बारेमा जिज्ञाषा राख्नु भयो ।

**शेयरधनी श्री मीना भट्टराई**

आर्थिक वर्ष २०८०/८१ मा वित्तीय संस्थाले राम्रो प्रगति गरेको र आगामी दिनमा समेत उत्तरोत्तर प्रगतिको लागि शुभकामना ब्यक्त गर्नुभयो ।

**शेयरधनी श्री मदन खतिवडा**

आर्थिक वर्ष २०८०/८१ मा वित्तीय संस्थाले १५ प्रतिशत लाभांश वितरण गरेकोमा संचालक समिति तथा कर्मचारीहरुलाई धन्यबाद ज्ञापन गर्दै आगामी दिनमा वित्तीय संस्थाको आफ्नै भवनको व्यवस्था गर्न सुझाव दिनुभयो ।

११. **छलफलमा सहभागी शेयरधनी महानुभावहरुले ब्यक्त गर्नुभएका सुझाव, मन्तव्य तथा जिज्ञाषाको सम्बन्धमा अध्यक्षले दिनु भएको जवाफ :**

सभाका अध्यक्षबाट शेयरधनी महानुभावहरुले राखेका जिज्ञाषाको जवाफ दिदै शाखा कार्यालय सिधुवामा कर्मचारीबाट भएको हिनामिना सम्बन्धी उच्च अदालत विराटनगरमा चलिरहेको बैंकिङ्ग कसुर सम्बन्धीको मुद्धाको आंशिक फैशाला भएको र उक्त फैसलाको पूर्ण पाठ आउन बाँकी रहेको ब्यहोरा शेयरधनीहरुलाई जांनकारी गराउनु भयो । साथै शेयरधनी महानुभावहरुको सुझाव, मन्तब्य तथा जिज्ञाषाको लागि धन्यबाद ज्ञापन गर्नुभयो ।

कम्पनी सचिव

अध्यक्ष

१२. **सभामा प्रस्तुत प्रस्ताव तथा सो सम्बन्धमा गरिएका निर्णयहरु :**

अध्यक्षबाट सभामा निर्णयार्थ प्रस्तुत भएका प्रस्तावहरुमा सभाबाट देहाय बमोजिम ध्वनीमतको आधारमा निर्णय भएको छ ।

क. **सामान्य प्रस्ताव तथा निर्णयहरु :**

(१) **आ.व.२०८०/८१ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

सभाका अध्यक्ष श्री उदय नारायण बरालले सभामा प्रस्तुत गर्नुभएको आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन सभामा छलफल भई सर्वसम्मतिबाट पारित भयो ।

(२) **लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ असार मसान्तको वासलात, आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको वित्तीय विवरण तथा सम्बन्धित अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।**

सभामा अध्यक्षले पेस गर्नुभएको लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, मिति २०८०/०४/०१ देखि मिति २०८१/०३/३१ सम्मको नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरणहरु उपर छलफल गरी सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

(३) **कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

वित्तीय संस्थाको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव अन्तर्गत लेखापरीक्षण समितिबाट आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्ने श्री वि.पि. एसोसियट्स्, चार्टर्ड एकाउण्टेण्ट्स्, काठमाडौलाई लेखापरीक्षक नियुक्त गर्ने र वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म अडिट रिपोर्ट, कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन तयारी लगायत आर्थिक वर्ष २०८१/८२ मा गर्नु पर्ने अन्य लेखापरीक्षण सम्बन्धी कार्यको लागि कर बाहेकको पारिश्रमिक रु.३,००,०००।- (अक्षरेपि रु. तीन लाख मात्र) र दैनिक तथा भ्रमण खर्च बास्तविक विलको आधारमा उपलब्ध गराउन सिफारिस भई आएको व्यहोरा जानकारी गराउँदै स्वीकृतिको लागि सभामा प्रस्ताव गर्नु भएकोमा सभाबाट सर्वसम्मतिबाट स्वीकृत भयो ।

(४) **संचालक समितिले सिफारिस गरे बमोजिम आ.व. २०८०/८१ को वितरणयोग्य मुनाफाबाट हालको चुक्ता पुँजी रु.१०,१४,००,०००/-(दश करोड चौध लाख) को ०.७५ प्रतिशतले हुने रकम रु.७,६०,५००/-(अक्षरेपी सात लाख साठी हजार पाँच सय मात्र) नगद लाभांश (कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।**

अध्यक्षले सभामा आर्थिक वर्ष २०८०/८१ को वितरणयोग्य मुनाफाबाट चुक्ता पुँजी रु.१०,१४,००,०००/-(दश करोड चौध लाख) को ०.७५ प्रतिशतले हुने रकम रु.७,६०,५००/-(अक्षरेपी सात लाख साठी हजार पाँच सय मात्र) नगद लाभांश (

कम्पनी सचिव



अध्यक्ष

कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव पेस गर्नु भएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भयो ।

(ख) विशेष प्रस्ताव तथा निर्णयहरु :

(१) **संचालक समितिबाट सिफारिस भई नेपाल राष्ट्र बैंकबाट स्वीकृत भए बमोजिम आ.व. २०८०/८१ को वितरणयोग्य मुनाफाबाट हालको चुक्ता पुँजी रु.१०,१४,००,०००/-(दश करोड चौध लाख) को १४.२५ प्रतिशतले हुने रकम रु.१,४४,४९,५००/-(अक्षरेपी एक करोड चौवालिस लाख उनन्चास हजार पाँच सय मात्र) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।**

अध्यक्षले सभा समक्ष संचालक समितिबाट सिफारिस भई नेपाल राष्ट्र बैंकबाट स्वीकृत भए बमोजिम आ.व. २०८०/८१ को वितरणयोग्य मुनाफाबाट चुक्ता पुँजी रु.१०,१४,००,०००/-(दश करोड चौध लाख) को १४.२५ प्रतिशतले हुने रकम रु.१,४४,४९,५००/-(अक्षरेपी एक करोड चौवालिस लाख उनन्चास हजार पाँच सय मात्र) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव अनुमोदनको लागि पेस गर्नु भएकोमा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो ।

(२) **संस्थाको जारी तथा चुक्ता पुँजी बृद्धि गर्न वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६(ख) र ६(ग) संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।**

संस्थाको प्रबन्धपत्रको दफा ६(ख) र ६(ग) संशोधन सम्बन्धी अध्यक्षले राखेको प्रस्ताव माथि सभामा छलफल भई संलग्न **अनुसूची-१** बमोजिम संशोधन सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय भयो ।

(३) **संचालकको बैठक भत्ता बृद्धि गर्न नियमावलीको नियम ३२(१)(ख) मा संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।**

संचालक समितिको बैठक भत्ता बृद्धि गर्ने सम्बन्धी नियमावलीको नियम ३२(१)(ख) मा संशोधन गर्ने सम्बन्धी अध्यक्षले राखेको प्रस्ताव माथि छलफल भई संलग्न **अनुसूची-२** बमोजिम संशोधन स्वीकृत गर्ने सर्म्बसम्मति निर्णय भयो ।

(४) **गुराँस लघुवित्त वित्तीय संस्था र अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने वा गाभिने वा प्राप्ती गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पूरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

गुराँस लघुवित्त वित्तीय संस्था र अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने वा गाभिने वा प्राप्ती गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पूरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी अध्यक्षले राखेको प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

(५) **उपरोक्त विशेष प्रस्ताव उपर नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप प्रचलित कानुनको अधिनमा रही संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन वा परिमार्जन वा समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।**

कम्पनी सचिव

अध्यक्ष

यस साधारण सभाले संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन सम्बन्धी गरेका उपरोक्त निर्णयहरुमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि. लगायत अन्य नियमनकारी निकायहरुले संशोधन, थपघट, समायोजन वा फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्न अध्यक्षद्वारा सभामा प्रस्ताव पेस भएकोमा सभाबाट सर्बसम्मतिले प्रस्ताव स्वीकृत भयो ।

(ग) **विविध सम्बन्धमा :**

निर्धारित विषयसूची विविध अन्तर्गत छलफल गर्नुपर्ने र प्रस्ताव पारित गर्नु पर्ने कुनै पनि विषय नभएको व्यहोरा अध्यक्षले सभालाई जानकारी गराउनुभयो ।

१३. **धन्यबाद ज्ञापन तथा सभा विसर्जन :**

सभाका अध्यक्षले नवौ वार्षिक साधारण सभामा आदरणीय शेयरधनी महानुभावहरूवाट अमूल्य सुझावहरू प्राप्त भएको र सभामा पेस भएका सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतिबाट स्वीकृत भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै विहान १०:१५ बजे संस्थाको नवौं वार्षिक साधारण सभा विसर्जन भएको जानकारी गराउनु भयो ।

| | |
|---|---|
| .................................... | .................................... |
| (भेष बहादुर बस्नेत) | (उदय नारायण बराल) |
| **कम्पनी सचिव** | **अध्यक्ष** |
| कम्पनी सचिव | अध्यक्ष |

# अनुसूची-१

निर्णय नं. १२.(ख) (२) सँग सम्बन्धित

# गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड

## प्रबन्धपत्र संशोधनको तीन महले विवरण, २०८१

| क्र.सं. | दफा | पहिलेको व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| १. | ६(ख) | वित्तीय संस्थाको जारी पुँजी रु.१०,१४,००,०००/– ( अक्षरेपी रु. दश करोड चौध लाख मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु.१००।- दरका १०,१४,००० (दश लाख चौध हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्थाको जारी पुँजी रु.११,५८,४९,५००/– (अक्षरेपी एघार करोड अन्ठाउन्न लाख उनन्चास हजार पाँच सय मात्र) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु.१००/- दरका ११,५८,४९५ (एघार लाख अन्ठाउन्न हजार चार सय पन्चानब्बे) थान साधारण शेयरमा विभाजन गरिएको छ । | संस्थाको नवौं वार्षिक साधारण सभाबाट रु.१,४४,४९,५०० /- बराबरको बोनश शेयर जारी गर्न स्वीकृत भएकोले संस्थाको जारी तथा चुक्ता पुँजी बृद्धि हुने भएकोले । |
| ३. | ६(ग) | वित्तीय संस्थाको चुक्ता पुँजी रु.१०,१४,००,०००/– ( अक्षरेपि रु. दश करोड चौध लाख मात्र) हुनेछ । | वित्तीय संस्थाको चुक्ता पुँजी रु.११,५८,४९,५००/– (अक्षरेपी एघार करोड अन्ठाउन्न लाख उनन्चास हजार पाँच सय मात्र) हुनेछ । | |

कम्पनी सचिव

अध्यक्ष

# अनुसूची-२

निर्णय नं. १२.(ख) (३) सँग सम्बन्धित

# गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड

## नियमावली संशोधनको विवरण, २०८१

| क्र.सं. | नियम | पहिलेको व्यंवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| १. | ३२(१) (ख) | सञ्चालक समितिको बैंठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य संचालकले पाउने बैठक भत्ता प्रति बैठक क्रमशः रु.४000/- र रु.३५00/- हुनेछ । | सञ्चालक समितिको बैंठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य संचालकले पाउने बैठक भत्ता प्रति बैठक क्रमशः रु.६000/- र रु.५000/- हुनेछ । | मिति २०७६ साल माघ देखि हालसम्म संचालकको बैठक भत्ता पुनरावलोकन नभएको हुँदा समय सापेक्ष बृद्धि गर्न आवश्यक भएकोले । |

कम्पनी सचिव

अध्यक्ष